कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
सम्पर्क नं.
०८३-५२३६७२

पत्र संख्या: २०८०/०८१
चलानीनं.:.........

मिति: २०८०/०८/२८ गते

**विषय: शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण सम्बन्धी सेवा सञ्चालन गर्न अनुमति लिन चहाने संस्थाहरुले निवेदन दिने सम्बन्धि सूचना ।**

## प्रकाशित मिति: २०८०।०९।०१

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि यस मन्त्रालयबाट शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण सम्बन्धी सेवा सञ्चालन गर्न अनुमति लिन चहाने संस्थाहरुले **"शैक्षिक परामर्श सेवा तया भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०८०"** को दफा ३ (३) बमोजिम सुचना प्रकाशन भएको मितिले तिस (३०) दिन भित्र तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । तोकिएको समयभित्र अनुमति नलिने र अनुमति नलिइ सेवा संचालन गर्ने संस्थाहरुको सम्बन्धमा कानून बमोजिम भैजाने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

सामाजिक विकास मन्त्रालय
शैक्षिक विकास महाशाखा

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

पत्र संख्या: २०८०/०८१
चलानीनं.: 030

मिति: २०८०/०८/२८ गते

अनुसूची -३

(दफा (३)को उपदफा (५) संग सम्बन्धित

(दफा (८)को उपदफा (१, ठ) संग सम्बन्धित

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल ।

## शुल्क विवरण

शैक्षिक परामर्श सेवा/पूर्व तयारी भाषा/शिक्षण गर्न पाउने गरी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका २०८० को दफा (३) को उपदफा (५) संग सम्बन्धित, (दफा (८) को उपदफा (१,ठ) संग सम्बन्धित शिक्षण संस्था खोल्नका लागि, धरौटी, अनुमति, नविकरणको शुल्क बुझाएको सक्कल भौचर सामाजिक विकास मन्त्रालयमा पेश गरेपछि मात्र शिक्षण संस्थाको अनुमति तथा नविकरण गरिनेछ। आवश्यकता अनुसार मन्त्रालयले शुल्क परिमार्जन गर्न सक्नेछ।

## धरौटी, अनुमति, नविकरणको शुल्क विवरण

| विवरण | रकम |
|---|---|
| अनुमति वापत वुझाउनु पर्ने रकम | रू.१००००।-( दश हजार मात्र) |
| नविकरण वापत वुझाउनु पर्ने रकम रकम | रू.५०००।-( पाँच हजार मात्र) |
| धरौटी वापत वुझाउनु पर्ने रकम रकम | रू.१५००००।-( एकलाख पचास हजार मात्र) |

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

पत्र संख्या: २०८०/०८१
चलानीनं.: 1080

मिति: २०८०/०८/२८ गते

## संस्थाले अनिवार्य रूपमा पालना शर्तहरु

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०८० को दफा ६ को उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले निम्न शर्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः-

(क) संस्थाका लागि छुट्टै कार्यालयको व्यवस्था हुनु पर्नेछ,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनु पर्नेछ,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्नेछ,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्नेछ,

(ङ) नेपाली नागरिक बाहेक अरूलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रूपमा काम गराउनु पर्ने भए सोको लागि

(च) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनु पर्ने,

(छ) सेवा शुल्क पूर्ण रूपमा पारदर्शी हुनुपर्ने,

(ज) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्ने,

(झ) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिनु र प्रकाशन एवम् प्रसारण नगर्ने,

(ञ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ट) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ठ) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण पत्र, संस्थाबाट गरिने सेवा, कार्यप्रक्रिया र लागत समेत खुलाई सबैको स्पष्ट रूपमा देखे गरी कार्यालयमा राखुपर्ने,

(ड) मन्त्रालयले निर्धारण गरे अनुसारको सेवा सञ्चालन अनुमति तथा नवीकरण बापतको सेवा दस्तुर तथा धरौटी बुझाउनुपर्ने । यस्तो धरौटी बापतको रकम संस्था आधिकारिक रूपमा बन्द भई सोको

(ढ) कागजात मन्त्रालयमा पेश गरेपछि नियमानुसार फिर्ता गरिनेछ ।

कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

पत्र संख्या: २०८०/०८१
चलानीनं.: 1030

मिति: २०८०/०८/२८ गते

## संलग्न गर्नुपर्ने कागजातहरू:

(क) कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(ख) सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रतिनिधि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT) को प्रतिलिपि,

(घ) कम्तीमा दुई जना परामर्शदाताको प्रमाण-पत्र,

(ङ) कुनै पनि देशको कम्तीमा दुई ओटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण- पत्रको प्रतिलिपि,

(च) कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(छ) कम्पनी, संस्थाको नाममा खाता सञ्चालनमा रहेको सम्वन्धित बैंकको सिफारिस पत्र,

(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रकिया र लागत समेत खुलाएको विवरण

(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण पत्रको प्रतिलिपि सहितको विवरण

(ञ) संस्थामा कार्यरत मानव संशाधनसम्वन्धी विवरण,

(ट) रु १५००००।-( एक लाख पचास हजारमात्र) धरौटि जम्मा गरेको र अनुमतिको लागि रु १००००।-( दश हजार मात्र) राजश्व दाखिला गरेको भौचर

(ठ) गत आर्थिक वर्षको प्रगति विवरण,

(ड) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ढ) संस्था दर्ता/नवीकरण भएको प्रमाणपत्र

(ण) कर चुक्ता प्रमाण-पत्र

| क्र स | शैक्षिक परामर्श तथा पुर्व तयारी कक्षा वा भाषा शिक्षण केन्द्रका लागि आवश्यक कागजातको विवरण (प्रतिलिपी कागजातहरु नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराइएको हुनुपर्नेछ) | | |
|---|---|---|---|
| १ | धरौटी रकम रु.१५००००। ( एकलाख पचास हजार मात्र) र रु. १००००। (दश हजारमात्र) राजस्व तिरेको भौचरको सक्कलै अर्धकट्टी | | |
| २ | निवेदन (अनुसुची १) बमोजिम सम्पर्क नम्बर सहित | | |
| ३ | कम्पनी दर्ता प्रमाणपत्र प्रतिलिपि | | |
| ४ | फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियामावलीको प्रतिपिलिपी | | |
| ५ | PAN/VAT को दर्ताको प्रतिलिपी | | |
| ६ | फर्म संस्था वा कम्पनीको नाममा खाता संचालन रहेको समबन्धित बैकको सिफारिस पत्रको प्रतिलिपि | | |
| ७ | कम्तिमा २ वर्षसम्मको लागि घर भाडा सम्झौता पत्रको प्रतिलिपी | | |
| ८ | घर भाडा लिएको घरधनीको | | |
| | क. नागरिकता | | |
| | ख. लालपूर्जा या अन्य प्रमाण पुग्ने कागजात | | |
| ९ | गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन | | |
| १० | गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी | | |
| ११ | कम्पनी अद्यावधिक गरेको प्रमाण-पत्रको प्रतिलिपी | | |
| १२ | संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रक्रिया, लागत समेत खुलेको विवरण (कम्पनी प्रोफाइल) | | |
| १३ | सञ्चालकहरुको नागरिकताको प्रतिलिपी | | |
| शैक्षिक परामर्श सेवा (२ जना अनिवार्य) | | | |
| १३ | परामर्शकर्ताहरुको स्नातक वा माथिल्लो तह उत्तीर्ण गरको ट्रान्सक्रिप्ट | | |
| १४ | नागरिकताको प्रतिलिपी | | |
| १५ | नियुक्ति पत्रको प्रतिलिपी with Acceptance Letter | | |
| १६ | अधाकारीक संस्थाबाट परामर्श सम्बन्धित तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी (TITI) | | |
| १७ | दुईवटा विदेशी कलेज तथा विश्वविद्यालयसँगको | | |
| १८ | क. जाधिकारिक प्रतिनिधी भएको प्रमाण | | |
| | ख. सम्झौता पत्रको प्रतिलिपी With Valid Date | | |
| १९ | सम्झौता भएको University / College हरुको Profile | | |
| पुर्व तयारी कक्षा (IELTS, TOEFL) | | | |
| २० | प्रशिक्षकको स्नातक वा माथिल्लो तह उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट | | |
| २१ | नागरिकताको प्रतिलिपी | | |
| २२ | प्रशिक्षकको नियुक्ति पत्रको प्रतिलिपी With Acceptance Letter | | |
| २३ | सम्बन्धित विषयमा कम्तीमा ७५% प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी | | |
| भाषा शिक्षण (Nepali, English.. | | | |
| २४ | प्रशिक्षकहरुको योग्यता खुलेको स्नातक तहको प्रमाणपत्रको प्रतिलिपी भाषा प्रशिक्षणको लागि सम्बन्धित भाषामा | | |
| २५ | नागरिकताको प्रतिलिपी | | |
| २६ | प्रशिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपी with Acceptance Letter | | |
| | अधिकारिक संस्थाबाट कम्तीमा एक वर्षको तालिम वा डिप्लोमा गरेको प्रमाणपत्रको प्रतिलिपी | | |